# मानव अधिकार अवस्थाको मासिक विश्लेषण

(मासिक विश्लेषण-फागुन, २०७७)[1]

नेपालको पहिलो मानव अधिकार समाचार पोर्टल inseconline.org मा प्रकाशित समाचारका आधारमा हरेक महिना मासिक रूपमा मानव अधिकारको विश्लेषण गर्ने कामको थालनी गरेका छौं । ०७७ फागुन महिनामा प्रकाशित समाचारका अनुसार विभिन्न घटनामा परी १ सय ३ जना पीडित भए । जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालकसहित ५७ जना बालबालिका पीडित भए । त्यसैगरी महिला अधिकार उल्लङ्घन अन्तर्गत २५ जना महिला पीडित भए । अन्य घटनामा १० जना महिला र ११ जना पुरुष गरी २१ जना पीडित भए । ०७७ फागुन महिनामा इन्सेक अनलाइनमा प्रकाशित समाचारमा राज्य पक्षबाट पीडित भएका व्यक्तिको अभिलेख छैन । तथ्याङ्कमा उल्लिखित सबै पीडित अन्यपक्षबाट भएका घटनाका हुन् । यो महिनामा औषधिको अभावका समाचार प्रकाशित भए । त्यसैगरी विद्यालय नै बन्द गरेर विद्यालय परिसरमा मेला सञ्चालन गर्दा बालबालिकाको पढाइ प्रभावित भएका समाचार पनि यो महिनामा समेटिए । विशेष गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समाचारमा प्रवृत्ति देखाउन सकिएपनि सङ्ख्या उल्लेख गर्न कठिन हुने हुन्छ ।

| घटनाको प्रकार | पीडत सङ्ख्या | |
|---|---|---|
| | महिला | पुरुष |
| अपहरण | | २ |
| जातीय विभेद | | १ |
| कुटपिट | १ | ३ |
| कारागारमा मृत्यु | | १ |
| हिरासतमा मृत्यु | | १ |
| दुर्व्यवहार | १ | ३ |
| परिवारजनबाट हत्या | ८ | |
| **जम्मा** | **१०** | **११** |




दुई वर्ष अघि प्रतिबन्ध लगाएको नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँग वार्ता गरी फागुन २० गते प्रतिबन्ध फुकुवा गरिएको छ । मानव अधिकारका दृष्टिले आस्थाका आधारमा लगाइने प्रतिबन्ध फुकुवालाई सकारात्मक रूपमा लिइन्छ । योसँगै उक्त पार्टीका नामबाट भइरहेका आपराधिक घटनालाई रोक्ने गरी सञ्चारमाध्यमहरूमा आएका विचार तथा अभिव्यक्तिले मानव अधिकारको अवस्थामा सुधार आउने अपेक्षा गरिएको छ ।

यही महिनामा नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले विभिन्न मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका पूर्वमन्त्री एवम् नेपाली कांग्रेसका नेता मोहम्मद आफ्ताव आलमलाई धैर्य गरेर बस्न आग्रह गर्नु भएको छ । रौतहटको गढीमाई नपा-६ धर्मपुरस्थित श्री १०८ विष्णु महायज्ञको उद्घाटन गर्न फागुन १९ गते आउनु भएका सभापति देउवाले आलमलाई छुटाउन आफू लागिपरेको

---

[1]अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकार अवस्था बारेको मासिक विश्लेषण प्रकाशन गर्न थालेको हो । इन्सेकले विगत २९ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ। देशका ७७ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण इन्सेकअनलाइनमा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक महिनाको ७ गतेभित्र मासिक प्रतिवेदन प्रकाशन गरिनेछ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जवाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

बताउनु भएको हो । 'हाम्रा यहाँका साथी जेलमा हुनुहुन्छ । म उहाँलाई छुटाउन लागिरहने छु ।'-उहाँले भन्नु भयो-'अहिले अदालतको कुरा हो । उहाँले धैर्य राखेर चिन्ता नलिई बस्नु भयो भने भोलिका दिनमा परिस्थिति बदलिन्छ । त्यसका लागि पनि उहाँलाई निर्धक्क साथ बस्नु होला भन्न चाहन्छु ।'[३]

| बाल अधिकार उल्लङ्घनका घटना | | |
|---|---|---|
| | पीडित सङ्ख्या | |
| **घटनाको प्रकार** | **महिला** | **पुरुष** |
| बलात्कार | ३० | |
| बलात्कारपछि गर्भपतन | १ | |
| बेचबिखन | १ | |
| बेचबिखन प्रयास | २ | |
| यौन दुर्व्यवहार | १८ | १ |
| विद्यालयमा दिइने दण्ड तथा शारीरिक साजाय | ४ | |
| **जम्मा** | **५६** | **१** |

## निष्कर्ष

इन्सेकको अभिलेख अनुसार राज्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएपनि अपराधमा घटना भइरहनुले पनि राज्य पक्ष नै बढी जिम्मेवार हुनु पर्ने हुन्छ। अपराधका घटना रोकथाम गर्नु तथा भएका घटनाको छानविन र कारवाहीको दायरामा ल्याएर कानुनी कारवाहीलाई तिव्रता दिनु सरकारको दायित्व हुन्छ । बलात्कार, यौन दुर्व्यवहार, बेचबिखन तथा बेचबिखन प्रयासजस्ता धेरै घटना इन्सेक अनलाइनको समाचारमा प्रकाशन भएका छन् । यस्ता खालका घटना न्यूनीकरणका लागि जनचेतनाका कार्यक्रमहरू प्रभावकारी नभएको हामीले बारम्बार दोहोऱ्याइरहे पनि सरकारी पहल बढाउन कताकता अलमल भइरहेको आभास हुन्छ । यस्ता घटनाले समाजको हिंस्रक रूपलाई उजागर गरेको छ । यस्ता घटनाको अन्त्यका लागि घरपरिवार र समाज निकै चनाखो हुनु आवश्यक छ ।

### ***अधिकारी हत्या प्रकरणः पाँच जना सरकारी साक्षी झिकाउने आदेश***

*गोर्खा फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यामा चितवन जिल्ला अदालतबाट सरकारी साक्षी नबुझी कर्तव्य ज्यान मुद्दाको फैसल्ला भएको भन्दै उच्च अदालत पाटन हेटौंडा इजलाशले पाँच जना सरकारी साक्षी बकपत्रका लागि झिकाउने आदेश गरेको छ । न्यायधिश शेषराज शिवाकोटी र चण्डीराज ढकालको फागुन २ गतेको इजलासले सरकारी साक्षीहरू गौरीमाया अधिकारी, रुपा रेग्मी, लोकनाथ दाहाल, ठाकुरप्रसाद अधिकारी, डिएसपी सञ्जय राउत र सई बुद्धी चौधरीलाई बकपत्रका लागि झिकाउने आदेश गरेको हो । सशस्त्र द्वन्द्वको समयमा गोर्खा फुजेलका १८ वर्षीय अधिकारी चितवनको रत्ननगर नगरपालिका-१३ जयमङ्गलस्थित हजुरबुबा हजुरआमालाई भेट्न आएको अवस्थामा स्थानीय बकुलर चोकमा तत्कालीन नेकपा (माओवादी)का कार्यकर्ताले २०६१ साल जेठ २४ गते हत्या गरेका थियो ।*

*२०७७ चैत ७ गते*

इन्सेक insec

इमेलः inseconline@insec.org.np

वेबसाइटः www.inseconline.org, www.insec.org.np

[३] http://inseconline.org/np/news/%e0%a4%86%e0%a4%b2%e0%a4%ae%e0%a4%b2%e0%a4%be%e0%a4%88-%e0%a4%9c%e0%a5%87%e0%a4%b2%e0%a4%ac%e0%a4%be%e0%a4%9f-%e0%a4%9b%e0%a5%81%e0%a4%9f%e0%a4%be%e0%a4%89%e0%a4%a8-%e0%a4%b2%e0%a4%be%e0%a4%97/